नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय

# सडक विभाग

संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं

## सडक डिभिजन भरतपुर

# आ.व. २०८२ श्रावण देखी ०८३ असार मसान्तसम्म

# को

# वार्षिक प्रगति प्रतिवेदन



**विषय-सूची (Table of Contents)**

१. कार्यकारी सारांश

२. आर्थिक प्रगति सारांश

३. वार्षिक भौतिक प्रगति

  ३.१ पुल निर्माण

  ३.२ सडक निर्माण

  ३.३ सडक मर्मत एवं पुनर्स्थापना

४. ठेक्का व्यवस्थापन

५. अनुगमन तथा समस्या समाधान

६. प्रमुख उपलब्धिहरू (आ.व. २०८२/८३)

७. निष्कर्ष एवं आगामी योजना

## १. कार्यकारी सारांश

सडक डिभिजन भरतपुर, सडक विभागको संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं मातहत रहने गरी स्थापना गरिएको कार्यालय हो। यस कार्यलयले मुख्यतः चितवन र नवलपरासी (ब.सु.पू.) जिल्ला अन्तर्गत रहेका राष्ट्रिय राजमार्गहरूको निर्माण, नियमित/आवधिक मर्मत सम्भार, सडक सुरक्षा, राजमार्ग पुनर्स्थापना एबम पुननिर्माणको कार्य गर्दै आइरहेको छ। पुर्व-पश्चिम (महेन्द्र) राजमार्ग, हुलाकी राजमार्ग, नारायणगढ-मुग्लिन सडक, चेपाङ्ग राजमार्ग, कालिगण्डकी करिडोर, खैरेनीटार-भिमाद-कावासोती जस्ता देशकै महत्वपूर्ण राजमार्गहरु यस डिभिजनको कार्यक्षेत्रभित्र रहेका छन। यस डिभिजनबाट आवश्यकता अनुसार हेवी-उपकरणहरुको परिचालन गरि राष्ट्रिय राजमार्गहरुमा बेला बखत झर्ने पहिरोहरु पन्छाउने/ अत्यावश्यक मर्मत-सम्भार (Emergency Maintenance) गर्ने काम हुँदै आएको छ। यस आर्थिक वर्षमा राष्ट्रिय राजमार्गको अलावा नेपाल सरकारबाट विनियोजन भएको वैकल्पिक सहायक राजमार्ग, निर्वाचन क्षेत्र रणनीतिक सडक एवं स्थानीय सडक पुलहरुको विभिन्न पूर्वाधार आयोजनाहरूको ठेक्का व्यवस्थापन/कार्यान्वयन गरिएका छन्। यस प्रतिवेदनले आर्थिक एवं भौतिक प्रगति, ठेक्का व्यवस्थापन, सडक सुरक्षा, तथा आयोजनागत उपलब्धिहरूको समग्र अवस्था प्रस्तुत गर्दछ।

## २. आर्थिक प्रगति सारांश

जेनजी आन्दोलन र त्यसको प्रभाव, संघीय निर्वाचन, मध्य-पूर्वमा भएको द्वन्दका कारण निर्माण सामग्रीहरुको (मुख्यतः अलकत्रा)अभावका कारण यस डिभिजनबाट अपेक्षित प्रगति हासिल गर्न सकिएको छैन। यस डिभिजनको आ.व. २०८२/८३ मा विभिन्न उपशीर्षकहरुमा विनियोजन भएको रकम, गरिएको खर्च निम्नानुसार रहेको छ।

| ब.उ.शि.नं. | कुल बजेट, रु. हजारमा | कुल खर्च, रु. हजारमा | प्रगति,% |
|---|---|---|---|
| ३३७०११२२ | २७५८७ | ८०३१ | २९.११ |
| ३३७०११२७ | ३०००० | २६१४५ | ८६.५३ |
| ३३७०११२८ | २०१०० | १४६४२ | ६३.४० |
| ३३७०११३२ | १५७८१० | ४९२५६ | ३१.२१ |
| ३३७०११३६ | ५००० | ४९३७ | ९८.७४ |

| ब.उ.शि.नं. | कुल बजेट, रु. हजारमा | कुल खर्च, रु. हजारमा | प्रगति,% |
|---|---|---|---|
| ३३७०११३८ | ६२८००० | १२३२२९ | १७.७२ |
| ३३७०११६७ | १४०००० | ७१०९४ | ३४.४२ |
| ३३७०११६९ | ३९३०४३ | १३७३८० | ३३.३७ |
| ३३७०११३६ | १५००६३ | १०३१११ | ६८.७१ |
| ३३७०११७३ | १२७१७६ | ८४९७६ | ६६.८१ |
| ३३७०१०१२४ | १००० | ६१६ | ६१.६ |
| कुल जम्मा | १६७९७७९ | ६२३४०८ | ३७.११ % |

## ३. वार्षिक भौतिक प्रगति

### ३.१ सडक तथा पुल निर्माण

यस डिभिजन कार्यालयबाट सडक निर्माण तर्फ यस आ.व. मा सम्पन्न भएका विभिन्न कार्यहरुको प्रगति विवरण देहायबमोजिम रहेको छ ।

| बिवरण | लक्ष्य | प्रगति | प्रगति % |
|---|---|---|---|
| नयाँ ट्र्याक, कि.मि. | ०.५ | ० | ० % |
| ग्रावेल )सबबेश बाहेक (, कि.मि. | ९.९९ | ९.७२ | ९७.२७% |
| २ लेन नयाँ कालोपत्रे , कि.मि. | ४९.०६ | ११.२५ | २२.९३% |
| =>४ लेन नयाँ कालोपत्रे , कि.मि. | - | - | - |
| रिजिड पेभ्मेंट , कि.मि. | १.२४ | ०.७४ | ५९.७७% |

| बिवरण | लक्ष्य | प्रगति | प्रगति % |
|---|---|---|---|
| सम्पन्न पुल, संख्या | ३ | ० | ०% |
| आवधिक मर्मत, कि.मि . | १८.५७ | ७.२७ | ३९.१५% |
| राजमार्ग पुनर्निर्माण तथा स्तरोन्नति, कि.मि. | ३.२५ | २.०५ | ६३.०७% |

## ३.३ सडक मर्मत एवं पुनर्स्थापना

सडक बोर्ड नेपाल मार्फत आ.व. २०८२/८३ मा यस डिभिजनमा विनियोजन भएको बजेट रकम बाट भएका मुख्य मर्मत-सम्भारका कार्यहरु निम्न बमोजिम रहका छन ।

| मर्मत किसिम | लक्ष्य | प्रगति | वार्षिक भौतिक प्रगति, % |
|---|---|---|---|
| नियमित मर्मत सम्भार , कि.मि. | ३९६.५६ | ३९६.५६ | १००% |
| पोटहोल मर्मत, वर्ग मि. | ६२९७० | २१४२१ | ३०.०२% |
| आवधिक मर्मत (लक्ष्य), कि.मि. | १८.५७ | ७.२७ | ३९.१५% |

## ४. ठेक्का व्यवस्थापन

यस सडक डिभिजन भरतपुरबाट आर्थिक वर्ष २०८२/८३ मा कुल ३८ वटा ठेक्का आव्हान भएकोमा कुल ३५ वटा ठेक्का सम्झौता भई कार्य प्रारम्भ भएको थियो । आ.व. २०८१/८२ बाट आ.व. २०८२/८३ मा दायित्व सरेका ३४ गरि कुल ६९ वटा ठेक्का व्यवस्थापन भएको छ ।उक्त ठेक्काहरुको विवरण निम्नबमोजिम रहेको छ ।

| विवरण | सडक निर्माण तथा स्तरोन्नति तर्फ | सडक मर्मत तर्फ | पुल निर्माण तथा मर्मत तर्फ | कुल |
|---|---|---|---|---|
| कुल ठेक्का संख्या | ५५ | १० | ४ | ६९ |
| आ.ब. २०८/८३ मा सम्पन्न ठेक्का संख्या | १६ | ५ | ० | २१ |

## ५. अनुगमन तथा समस्या समाधान

यस डिभिजन कार्यालयका प्राविधिक कर्मचारीहरुबाट व्यवस्थापन भएका ठेक्काहरुको नियमित अनुगमन, गुणस्तर सुनिश्चितता, नाप/जांच, प्रमाणित आदि गर्ने कार्य हुदै आएको छ । ठेक्का व्यवस्थापनका क्रममा हुने विवाद समाधानका लागि स्थानीय सरकार, जिल्ला प्रशासन कार्यालय, स्थानीय समुदायसंग नियमित रुपमा समन्वय गर्ने कार्य हुने गरेको छ । निर्माण कार्यलाई नतिजामुखी बनाउनका लागि यस डिभिजन कार्यालयबाट हर-सम्भव प्रयास गर्ने गरिएको छ ।

## ६. प्रमुख उपलब्धिहरू (आ.व. २०८२/८३)

- नारायणी नदीमा निर्माण हुने Cable-Stayed Bridge को नारायणगढ तर्फको Abutment Pile (A1) निर्माण कार्य सम्पन्न भएको।
- ७.२७ कि.मि. आवधिक मर्मत कार्य साथै १.७५ कि.मी पुनर्स्थापना निर्माण समयमै सम्पन्न भएको।
- निर्वाचन क्षेत्र अन्तर्गत चितवन क्षेत्र नं. २ अन्तर्गत भोर्ले दाहाखानी उप्रदांगगढी १५ कि.मि को निर्माण कार्य सम्पन्न भएको
- नारायणगढ-मुग्लिन सडक अन्तर्गत तुइन खोलाको पहिरो रोकथामको कार्यका लागि ठेक्का सम्झौता भई निर्माण व्यावसायी साइटमा परिचालन भयको साथै नाम्सी खोलाको पहिरो व्यवस्थापनका ठेक्का आव्हान भई मुल्यांकनको चरणमा रहेको ।
- तराइलाई देशको राजधानीसँग जोडने प्रमुख सडक नारायणगढ-मुग्लिन सडकको तुइन खोलामा मिति २०८२/०६/०३ र २०८२/०६/०७ गते झरेको करिव २८००० घ.मि. पहिरो सफा गरि सवारी आवागमन संचालन गर्न सफल भएको

केहि फोटोग्राफहरु (आ.व. २०८२/८३)






ब.उ.शि.नं. ३३७०११२७ (चेपाङ्ग मार्ग) अन्तर्गतका कार्यहरु





ब.उ.शि.नं. ३३७०११७६ (निर्वाचन क्षेत्र रणनीतिक सडक) अन्तर्गतका कार्यहरु



ब.उ.शि.नं. ३३७०११६९ (विकल्पक सहायक राजमार्ग सडक) अन्तर्गतका कार्यहरु



बायोइन्जिनियरिङग एबम पहिरो रोकथाम अन्तर्गतका कार्यहरु





नियमित मर्मत-सम्भार अन्तर्गतका कार्यहरु






आवधिक मर्मत-सम्भार अन्तर्गतका कार्यहरु